महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
(डोर मुकाम सप्तरी)

Phone: 5010081
5010066
45010247
5010115
Post Box: 13328
पुल्चोक,ललितपुर, नेपाल
Pulchowk, Lalitpur, NEPAL

अछोप

पत्र संख्या: २०७५/०७६
च.नं. 30

मिति : २०७५।११।८

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
तिरहुत गांउपालिका, गांउकार्यपालिकाको कार्यालय,
तिरहुत, सप्तरी ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४/०७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।११।७ मा छलफल पश्चात् तयार गरिएको पाना ३५(पैतिस) को प्रारम्भिक प्रतिवेदन यसै साथ छ । प्रतिवेदनम उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिन भित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समय भित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(दिव्य दर्शन अधिकारी)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहंदरबार काठमाण्डौ, । :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सप्तरी :- प्रतिवेदन

o

कार्यालय र स्थान : तिरहुत गांउपालिका, गांउकार्यपालिकाको कार्यालय, गाइठी, सप्तरी ।

आर्थिक वर्ष :२०७४।०७५

	नाम	कार्यरत अवधि		बेरुजू रकम (रु.)
		देखि	सम्म	
कार्यालय प्रमुखः	नि.प्रमुख प्रशासकीय अधिकृत श्री कासिम मिया	२०७४।४।१	२०७४।१०।१०	६७१९८०१३.००
	प्रमुख प्रशासकीय अधिकृत श्री राम नारायण शाह	२०७४।१०।११	२०७५।३।३२	
लेखा प्रमुखः	सह लेखापाल श्री सोनु कुमार सोनी	२०७४।४।१	२०७५।३।३२	

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न तिरहुत गांउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको काम हो । यो गांउपालिका ५ वटा गाउं बिकास समिति मिलेर ५ वडा बनेको छ । यसको क्षेत्रफल ३७.८१ व.की.मी., २०६८ सालको जनगणना अनुसार जनसंख्या करिब ३०००० रहेको र २ नंबर प्रदेशमा अवस्थित छ । यस गांउपालिकाको पूर्व हनुमान नगर गाउँपालिका, पश्चिम महादेबा गांउपालिका र कृष्णसाबरन गांउपालिका, उत्तर कन्चनरुप, अग्नीसायर, कृष्ण साबरन गांउपालिका, दक्षिण महादेबा गांउपालिका र हनुमाननगर कङ्कालिनि गांउपालिका रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम तिरहुत गांउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

आम्दानी खर्चको आ.व.२०७४/७५ को एकिकृत आर्थिक विवरण)

सि.नं.	वजेट उप शिर्षक नं.	खर्च शिर्षकहरु	गत वर्षको मौज्दात	यस वर्षको आम्दानी	जम्मा	खर्च	बाकी मैज्दात
१	८०१४९३३	शसर्त अनुदान	०	४७७६४०००	४७७६४०००	४५३२४५९२.६	२४३९४०७
२	८०१४९३३	वितिय समानिकरण अनुदान	०	१३८०२२०००	१३८०२२०००	९७९२३३११.६	४००९८६८८
३	३६५०१५३	सामाजिक सुरक्षा	०	३३२३२८००	३३२३२८००	३३२३२८००	०
५	३६५८१९४	स्थानिय सासन तथा सा.वि. कार्यक्रम	०	४९९४६०	४९९४६०	४९९४६०	०
६	३६५८४५३	गरिवसंग विशेश्वर कार्यक्रम	०	४२९०००	४२९०००	४२९०००	
७	३६५८४७३	बहुक्षेत्रीय पोषण	०	११०००००	११०००००	६७९४७५	४२०५२५
८		बाडिपिति राहत वितरण		४२५००००	४२५००००	२२७५०००	१९७५०००
९		सामाजिक परिचालक तलव	०	३३००००	३३००००	३३००००	०
१०		किशोरी शिक्षा कार्यक्रम	०	३०३६०००	३०३६०००	१८९८८५०	११३७१५०
११		प्रदेश सरकार	०	१५०००००	१५०००००	१५०००००	०
१२		गत आवका अख्तियारी	४८०००००	०	४८०००००	४८०००००	०
१३		आन्तरिक श्रोत	१९६७३७.२	६१३५३७.८३	८१०२७५.०३	१६१४५३.४५	६४८८२१.६
		जम्मा	४९९६७३७	२३०७७६७९८	२३५७७३५३५	१८९०५३९४३	४६७१९५९२

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.	फछर्यौट को विवरण
	लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । इकाइगत लेखापरीक्षण योजना र पेश भए सम्मका श्रेस्ताको आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर यस गांउपालिकाको पदाधिकारीहरु संग मिति २०७५।११।७ मा छलफल पश्चात कायम भएका व्यहोराहरुको प्रारम्भिक प्रतिबेदन निम्नानुसार प्रस्तुत गरीएको छ ।		
१.	**लक्ष्य प्रगती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३२(३) मा स्थानीय तहले आफुले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नुपर्ने व्यवस्थ छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ । यस गांउपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रगति बिबरण र बार्षिक योजनागत प्रगति बिबरण तयार गरेको छैन ।		
२.	**आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्न कार्यहरु जस्ता कार्यहरु गरी आन्तरिक नियन्त्रण प्रणालिलाई सुद्रीढ गराउदै लानु पर्ने देखिन्छ ।		
२.१	पालिकाको आर्थिक कार्यबिधि संबन्धि, सार्बजनिक खरीद संबधि, बिभिन्न कोष सन्चालन संबन्धि कानून कार्यबिधिहरु बनाएको पाईएन । यस्ता नियम, कानून, कायर्बिधि बनाई यस गाउँपालिकाको संपूर्ण कृयाकलापहरु सन्चालन हुनु पर्ने देखियो ।		
२.२	बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यबस्था भएपनि गाउसभाबाट स्वकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई गाउँपालिकाको लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संम्माहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन ।		
२.३	गाउसभाबाट स्वीकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकगत र बिचमा कुनै शिर्षक थप भए सो समेतको बजेट, आम्दानि, खर्च, देखिने गरी कार्यक्रमगत / योजनागत आम्दानि खर्च खाता तयार गरी श्रेस्ताको शिर्षकगत आम्दानि खर्च संग भिडान हुने गरी अध्याबधिक गराई राख्नु पर्ने देखियो ।		
४	यस गाउपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रतिबेदन पुस्तीका तयार गरेको पाईएन ।		
५	यस गाउपालिकाले आन्तरीक लेखापरीक्षण गराएको पाईएतापनि यसलाई व्यबस्थित गरी अन्तरीक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणलिलाई सूदृढ गराएको देखिएन ।		

२.६	आर्थिक वर्ष २०७४।०७५ मा कूल आन्तरिक आय रु. ६,१३,५३७८३ आम्दानी देखाएको छ । आम्दानिको नगदी रसिद पोसिटिङ्ग अभिलेख म .ले.प.फा.नं. १०८, १०९, ५, १०, २३ वा अन्य कुनै अभिलेख नराखि नगदी रसिदहरुको आय एकमुस्ट रुपमा पन्ध्र दिन भन्दा पनि ढिला समेत हुने गरी सन्चित कोष (बैङ्क) दाखिला गर्ने गरेको पाईयो । लेखापरीक्षणको कममा बैङ्क स्टेटमेन्टको आधारमा आन्तरिक आयको हिसाब आम्दानी बांधेको जानकारी हुन आयो । आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा संबन्धित तालुक कार्यालय वा बिभागिय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिन सम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भए पच्चिस प्रतिशत जरीबाना गरी नगद दाखिला गर्न लगाउने समेतको व्यबस्था भएकोमा सो बमोजिमको अबधि भित्र बैंक दाखिला गर्ने गर्नु पर्ने देखियो । नगदी रसिद नियन्त्रण खाता नराखेकोले आ.ब. २०७४।०७५ मा कति नगदी रसिदबाट असूलि भयो र कति दाखिला भयो भिडान / यकिन गर्ने आधार भएन । असूलि देखाएको उक्त कूल रु. ६,१३,५३७८३ कुन कुन नगदि रसिदबाट भएको के के कामको असूलि हो (शिर्षकगत असूली अभिलेख समेत राखेको छैन) अभिलेख समेत राखेको नपाईएकोले नगदी रसिदगत असूलि भएको रकम कूल असूलि संग भिडान गर्ने आधार भएन ।	६,१३,५३७८३	
२.७	स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७२(१) मा गाउंपालिका तथा गांउपालिकाले प्रत्येक बर्षको साउन एक गते देखि आगामि बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको पाईएन । उदाहरणार्थ चालु र पूंजीगत खातामा आर्थिक बर्षको अन्यमा बांकि रहेको रकम सन्चितकोषमा फिता गर्नु पर्नेमा बैङ्क मोज्दात रकम फिर्ता नगरी कारोबार गर्दै गएको पाईयो ।		
२.८	साविक गा.वि.स.को सम्पत्ति हस्तान्तरणको अध्याबधिक अभिलेख नराखेको, नगदी रसिदबाट असूली रकमको पोस्टीङ्ग अभिलेख म.ले.प.फा.नं. १०८, १०९ आदि अभिलेख राख्ने नगरेको, योजनागत बजेट खर्चको अभिलेख राख्ने नगरेको, नगदी रसिद नियन्त्रण खाता राख्ने नगरेको, व्यक्तिगत धरौटि खाता नराखेको, बैङ्क रिकन्सिलिएसन स्टेटमेन्ट तयार नगरेको, एिम् आई एस् सिस्टम अध्याबधिक नगरेको, बिद्युतिय लेखा सूत्र प्रयोग नगरेको, निर्माण सामाग्रिको गुणस्तर परिक्षण गर्ने नगरेको, आदि अबस्था बिद्यमान रहेको देखियो । तसर्थ आन्तरिक नियन्त्रणमा सुधार गर्नुपर्दछ ।		
.९	**कन्टेन्जेन्सी** : सार्बजनिक खरिदमा कन्टिन्जेन्सि रकम खर्चलाई व्यबस्थित गर्ने निर्देशिका २०७४ मिति २०७४ श्राबण १ गतेबाट लागु भएको छ । प्रत्येक लागत अनुमान बमोजिमको निमार्ण काममा भुक्तानि दिदा कन्टिन्जेन्सी कट्टा गर्ने गरेको पाईएन । तसर्थ यस्तो प्रक्रियामा सुधार हुनु पदर्छ ।		
१०	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPE) आदि अन्तर्गत वैदेशिक अनुदानदाताको संयुक्त कोष समेत समाबेस भएकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची ४,५,६,७,८ मुतविक वैदेशिक सहायकताको अभिलेख खडा गरी राखेको पाइएन । सहायताको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।		
११	गाउपालिकाको संपूर्ण गर्नु पर्ने कृयाकलापहरुकाहरु समेटेर आ.ब. २०७४।०७५ को बार्षिक खरीद योजना तयार गर्नु पर्नेमा बार्षिक खरिद योजना तयार गरेको पाईएन ।		

२.१२	**स्रोत नक्साांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नु पर्नेमा यस्तो अभिलेख तथा श्रोत नक्साङ्कन तयार गरेको नपाईएकोले तयार गर्नुपर्दछ ।		
२.१३	**आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गांउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्न सकिने व्यवस्था छ । गांउपालिकाले सो अनुसार लेखा नराखि आय व्यय बिबरण तयार गरेको पाइयो । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आम्दानी खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।		
२.१४	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्नै, योजना हस्तान्तरण नहुने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । नियमावली अनुसार उल्लेखित कार्यहरु गर्नुपर्दछ । त्यस्तै उपभोग्ता समितिले गर्ने काम प्रत्येकको लागत अनुमान साथ दर बिश्लेशण अनिबार्य संलग्न गर्नु पर्ने देखियो भने उपभाग्ताले गर्ने कामको लागत अनुमानको काम सम्पन्न गर्न कुन सामान कति लाग्दछ उल्लेख भएको मेटेरियल्स ब्रेक डाउन समेत लागत अनुमानमा संलग्न हुनु पर्ने देखिन्छ ।		
२.१५	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । दफा ७० मा आकस्मीक कोष को व्यबस्था छ । त्यस्तै अन्य कोषहरु जस्तो आर्थिक सहायता कोष, बिपत व्यबस्थापन कोष जस्ता कोषहरु स्थापना गर्न सक्ने व्यबस्था छ । आर्थिक सहायता गाउं कार्यपालिकाको पटके निर्णयको आधारमा दिने गरेको छ । कोष सन्चालन निर्देशिका, नियम समेत बनाएको पाईएन । कोष सञ्चालन निर्देशिका तयार गरी कोषको कारोबार गरिनु पर्दछ ।		
२.१६	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस गांउपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । आर्थिक वर्ष २०७४।०७५ मा नयां ट्रयाक खोल्ने केहि सडक योजनामा सर्भे गरेको बाहेक वातावरणीय अध्ययन पश्चात मात्र योजना छनौट गरी लागु गरेको पाइएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्नुपर्दछ ।		
२.१७	**आन्तरिक आय ठेक्का :** आर्थिक बर्ष २०७४।०७५ मा कुनै आन्तरिक ठेक्का नलगाएकोले ठेक्काबाट आन्तरिक आय आर्जन गरेको पाईएन । मिति नखुलेको राजश्व संभाव्यता अध्ययन प्रतिबेदन अनुसार यस गांउपालिकामा २७ वटा सम्म पोखरी रहेको उल्लेख छ । तसर्थ थप आयको श्रोत समेत पहिचान गरी आय आर्जन गरिनु पर्ने देखियो ।		
१८	**पेश्कि खाता र अन्य खाता :** आ.ब. २०७४।०७५ को पेश्कि खाता,योजनागत आम्दानी खर्च खाता, दैनिक भ्रमण भत्ता अभिलेख अध्याबधिक नभएकोले अध्याबधिक गराई राख्नु पर्ने देखियो । मर्मत संबन्धि अभिलेख, दैनिक भैमण भत्ता अभिलेख, लग बुक, कार्यकमगत खाता, राखेको पाईएन । त्यस्तै गांउपालिकाले तयार गरेको बिभिन्न अभिलेख खाताहरु दस्तखत आदि गरी गराई अभिलेख रजिस्टरलाई अध्याबधिक गरि गराई राख्नु पर्ने		

	देखियो ।		
२.१९	यस गांउपालिका अन्तर्गत सन्चालित बिद्यालयहरु मध्ये कुन कुन बिद्यालयमा कुन कुन तहका निजि शिक्षकहरुलाई कुन बजेटबाट कति पारिश्रमिक भुक्तानि दिएको देखिने अभिलेख खडा गरी नराखेको र पारिश्रमिक माग गरेको माग फाराममा समेत खुल्ने नगरेकोले कुन बिद्यालयका कति निजी शिक्षकलाई गाउँपालिकाले कुन श्रोतबाट कति पारिश्रमिक भुक्तानी दिएको छ भिडान एबं निश्चित गर्ने आधार भएन । निजि शिक्षकको पारिश्रमिक गांउपालिकाको आन्तरिक श्रोतबाट खर्च लेखिनु पर्दछ ।		
२.२०	स्थानीय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धि ऐन २०७५ को दफा ८ मा देहोरो पर्ने गरी सुबिधा नपाउने शिर्षक अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको सेबाबाट अबकाश लिई त्यस्तो सरकार वा तहबाट निबृत्तिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी वा सदश्य पदमा निर्बाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुबिधा वा निबृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने व्यबस्था भएकोले निबृत्तिभरण पाईरहेको पदाधिकारीहरु छुट्टीने अभिलेख खडा गरी राखेको पाईएन ।		
२.२१	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । निर्माणमा प्रयोग भएका यन्त्र उपकरण मेसिनरी आदिको बिमा गराएको पाईएन ।		
२.२२	**भरपाईबाट खरिद** : आयकर ऐन २०५८ अनुसार मूल्य अभिबृध्दि कर बिजक जारी नभएको अबस्थामा १५ प्रतिशतले अग्रीम कर कट्टा गरी राजश्व दाखिला गर्नु पर्ने व्यबस्था छ । यस नगरपालिकामा उपभोग्ता समिति मार्फत भएको कामको ढुङ्गा, गिट्टी, माटो, बालुवा आदि खरीद गरेको भरपाई संलग्न राखेर खर्च लेख्दा १५ प्रतिशतले अग्रीम कर कट्टा गरेको छैन ।		
२.२३	**सक्कल श्रेस्ता** : जिल्ला प्रशासन कार्यालयबाट बाढी पिडितको लागी प्राप्त भएको रकमको सक्कल श्रेस्ता जिल्ला प्रशासन कार्यालयमा पठाएकोले यस कार्यालयमा परिक्षण गरिएको छैन ।		
२.२४	**बिबरण फाराम पेश नभएको** : लेखापरीक्षणका लागी मिति २०७५।९।२८ को पत्रमा बिभिन्न बिबरण फारामहरु समेत संलग्न राखि बिबरणहरु माग गरेकोमा पेश हुन आएन ।		
	प्रसासनिक खर्च : आन्तरीक आय कुन आधार भित्र रहेर प्रशाशनिक खर्च गर्न पाउने जस्ता क्राईटेरिया तय नगरीकन नै आन्तरिक आयको रकम खर्च हुने गरेको पाईयो । त्यस्तै पूजिगत खर्च र चालु खर्च कुनवाट के कस्तो खर्च गर्न सकिने हो आधार तय गरेर मात्र चालु र पूंजीगत खर्च गर्ने गर्नु पर्ने देखियो ।		
	स्थानीय तथ्यांक र अभिलेख : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस पालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ यस गांउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । यस संबन्धमा गांउपालिका प्रोफाईल तयार गरेको पाईयो ।		
	कार्य विवरण : निजामती सेवा ऐन २०४९को दफा ५क(१) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनकाने कार्य विवरणको आधारमा सम्बन्धित		

	सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम ,कर्तव्य उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागु गरेको पाइएन । कार्य विवरण नदिदा अधिकार र जिम्मेवारी स्पष्ट नहुने भएकोले कार्य सम्पादनमा असर पर्ने देखिन्छ । तसर्थ गांउपालिकाले कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गरी ऐनको परिपालना गर्नु पर्ने देखिन्छ ।		
६.	**बजेट पास गराई खर्च गर्नु पर्ने :** स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा गांउसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । यस गांउपालिकाले २०७४।१२।२६ अगाडी चालु तर्फ रु. ४,४१,८१,९५१।२६ र पूंजिगत खर्च रु.१,९०,१६,२७४।५६ गरी कुल रु. ६,३१,९८,२२५।८२ खर्च गरेको पाईयो । यस गांउपालिकाको बजेट २०७४ चैत्र २६ गते मात्र पास भएको पाईएकोले चैत्र २६ गते भन्दा अगाडिको आम्दानी / खर्च गर्न मिल्ने कानूनि आधार समेत देखिदैन । यस गांउपालिकाले पुस्ट्याई आधार बेगर गाउंसभाबाट पूंजिगत र चालु खर्च छुट्याई बजेट बिनियोजन गरेको पाईयो । यसोहुंदा पूंजिगत खर्च र चालु खर्च अन्तर्गत के के खर्च समाबेस हुनु पर्ने हो निश्चित गर्ने आधार भएन । तसर्थ आम्दानी खर्च गर्ने आधार तयार गरी आय, बिनियोजन एबं खर्च गर्नु पर्ने देखियेा ।		
७.	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले यस गांउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थान गर्न सक्ने व्यवस्था छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार आ.व. ०७४।०७५ मा यस गांउपालिकाको आन्तरिक राजश्व रु.६,१३,५३७८३ आम्दानी देखाएको छ । त्यस्तो आयबाट के कुन काममा कति खर्च भयो छुट्टीने अभिलेख रजिस्टर नरहेकोले आन्तरिक आयबाट भएको खर्च र संघीय अनुदानको रकमबाट भएको खर्च नछुट्टीएबाट खर्च प्रकृति विश्लेषण गर्ने आधार भएन ।		
.	**जिन्सी व्यबस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मुताविक खर्च नहुने जिन्सि खातामा स्पेसिफीकेसन नखुलेका अधिकाम्स मालसामानको विवरण (पुरा स्पेसिफिकेशन) खुलाउनु पर्ने देखियो । खर्च नहुने जिन्सी खाता आ.ब.२०७३।०७४ साल देखिको भएको र यसमा सो भन्दा अगाडी देखिको जिन्सी सामानहरु जिम्मेवारी सारेको पाईएन । यस गाउँपालिकाको खर्च नहुने जिन्सी खाता र अर्को बिषयगत खाता उल्लेख गरी यसमा बाहिरबाट आएका कार्यालयहरुको खप्ने जिन्सी सामानको लागी यस गाउँपालिकाको एउटै खर्च नहुने जिन्सी खाता तयार गरी राखिएमा जिन्सी अभिलेख एकत्रीत हुन जाने देखिन्छ । नियम ५० मुताविक जिन्सि निरिक्षण हुनु पर्नेमा जिन्सी निरीक्षण नै भएको पाईएन । जिन्सी निरीक्षण गराई सो मुताबिक कारबाहि गरी गराई एवं जिन्सि संकेत न. उल्लेख नभएका जति जिन्सी सामानमा जिन्सि संकेत नंबर उल्लेख गरि जिन्सीको अवस्था अध्यावधिक गराइ राख्नु पर्ने देखियो ।		

९.	**सम्पत्ति हस्तान्तरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा सेबा प्रबाह सम्बन्धि व्यबस्था, २०७४ को बुदा नंबर १८(१) मा संघीय संरचना जिल्ला स्तरमा रहने संघीय सरकारका कार्यालयहरु बाहेकका जिल्लास्थित जिल्ला प्राबिधिक कार्यालय, कृषि विकास कार्यालय, पशु सेबा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नगर बिकास समिति, खेलकूद बिकास समिति जस्ता बिकास समितिहरु, भू-संरक्षण कार्यालय, शिक्षा कार्यालय, तथ्याङ्क कार्यालय, पर्यटन कार्यालय, महिला तथा बालबालिका कार्यालय, प्रतिष्ठान र आयोजना परियोजना, यस्तै प्रकृतिका जिल्ला स्थित कार्यालय र सो मातहतका अन्य कार्यालय बा निकायहरुको नेपालको संबिधान र स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको कार्य जिम्मेवारीमा परेका कार्यहरु स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम उक्त ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र त्यस्ता कार्यालय ,निकाय , समिति तथा अन्य निकायको सम्पत्ति, दाईत्व , अभिलेख , कागजा तथा, बजेट संबन्धित गांउपालिका वा गाउँपालिकामा स्थानान्तरण गरीसक्नु पर्ने उल्लेख छ । त्यस्तै बुदा नंबर १८(२) मा यस दफा बमोजिम दाईत्व, सम्पत्ती र कार्यक्रम स्थानान्तरण गर्दा अचल सम्पत्तिको हकमा जुन गांउपालिका वा गाउँपालिकामा यस्तो अचल संपत्ति रहेको छ सोही गांउपालिका वा गाउँपालिकालाई अभिलेख सहित हस्तान्तरण गर्नु पर्ने व्यहोरा उल्लेख छ । यस गाउँपालिकाको स्वामित्वमा आउनु पर्ने कुनै कार्यालयको / साबिक गांउ बिकास समितिको संपत्ति, दाईत्व, अभिलेख, कागजात तथा, बजेट यस गाउँपालिकामा स्थानान्तरण भएर आएको पाईएन । साविक समितिबाट स्थानान्तरण कार्य सम्पन्न गर्नुपर्दछ ।		
१०.	**बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा सम्माहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गांउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गांउपालिकामा सम्माहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गांउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गांउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।		
१.	**कम लागतका आयोजना** : स्थानीय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को बुदा नंबर ११(२) मा गांउपालिकाले आर्थिक, सामाजिक, एबं भौतिक पूर्बाधार बिकास अन्तर्गत बिनियोजन भएको पूंजीगत बजेटबाट ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यबस्था छ । गांउपालिकाले यो बर्ष पूंजीगत शीर्षकबाट १४८ गांउस्तरिय योजनाहरु छुट्याएको मध्ये ५ लाख भन्दा कमका ९४ योजनाहरु रहेका छन् भने वडाका अधिकाम्स योजनाहरु ५ लाख भन्दा कमका रहेका छन् । उक्त कार्यबिधिको पालना हुनु पर्ने तर्फ संबन्धितको ध्यान जानु पर्ने देखियो ।		
२.	**मौज्दात रकम** : यस गांउपालिका बन्नु अघिका साबिकका ५ वटा त्रिकोल, मैनाकडोरी, गोईडठी, डिमन, लोहजरा गांउ बिकास समितिहरुको बैङ्क खातामा मौज्दात रहे नरहेको संबन्धमा उक्त गांउ बिकास समितिको खाताहरुको २०७५।३।३२ को बैङ्क स्टेटमेन्ट प्रस्तुत हुन आएन ।		
-	**जिम्मेवारी रकम** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं ०७४।०७५ च.नं. १०६४ मिति २०७५।३।३१ को पत्र अनुसार शसर्त अनुदानको		

	रकम मद्धे खर्च नभई बांकि रहेकोमा संघीय संचित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट रकम खर्च नभई बांकी रहेमा फ्रिज गर्ने प्रयोजनको लागी सम्बन्धित निकायमा फिर्ता पठाउनु पर्ने उल्लेख छ। लेखापरीक्षण प्रतिबेदन अनुसार यस गांउपालिकाका बडा कार्यालयमा आर्थिक बर्ष २०७३।०७४ को अन्तिम मौज्दात रु. २१,१३,५७६।८६ जिम्मेवारी सारेको पाईएन। यस्तो रकम संचित कोषमा दाखिला हुनु पर्ने देखियो।		
१४.	**लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। २०७४।१२।२६ मा बसेको गांउ सभाको निर्णय नंबर ६० मा वडा अध्यक्षलाई मोटरसाईकल र स्कुटर खरिद गरेर दिने निर्णय मुताबिक ११ वटा मोटरसाईकल खरिद गरेर बितरण गरेको, ३२ ईन्चीको एउटा एल ई डि टिभि खरिद(जि.खा.पा.नं. २८) खरिद र ७ वटा ल्यापटप खरीद गरेर वडा अध्यक्षहरु र कार्यालयका पदाधिकारीहरुलाई दिएका पाईयो। यस्तो कार्यहरुमा सुधार हुनु पर्दछ।	२१,१३,५७६।८६	
१५.	**व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा यस नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। महागाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा लगत राखेको पनि छैन र कर पनि उठाएको पाईएन। यस गांउपालिकाले गांउपालिका क्षेत्र भित्रका व्यवसायीको अध्यबधिक अभिलेख राखि व्यबसायिलाई करको दायराभित्र ल्याउनु पर्दछ।		
६.	**तलवी प्रतिबेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम निजामति कर्मचारीको तलबि प्रतिबेदन कोश तथा लेखा नियनत्रक कार्यालयबाट र स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर मात्र तलब ग्रेड खर्च लेख्नु पर्ने व्यबस्था भएकोमा आ.ब. २०७४।०७५ को तलबि प्रतिबेदन पास गरेको पाईएन।		
७.	**खरिद कारवाही** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही गर्न नहुने व्यवस्था छ। यस गांउपालिका अन्तर्गत वडा नंबर ३ गाईठीको र वडा नंबर ५ लहजराको वडा कार्यालय भबन सार्बजनिक जग्गामा रहेको पाईयो। जग्गाको स्वामित्व गांउपालिकाको गराउने तर्फ पहल हुनु पर्ने देखियो।		
८.	**सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि** : स्थानिय तहमा बजेट तजुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैङ्क खाता मार्फत भुक्तानि गर्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ। यस बर्ष सामाजिक सुरक्षामा रु. ३,३२,३२,८००।- खर्च भएको छ। सामाजिक सुरक्षा भत्ताको रकम नगद नै बितरण गर्न पटक पटक गरेर वडागत पेश्कि नछुट्याई वडा सचिबले एकमुस्ट पेश्कि लिएर गएको पाईयो। आर्थिक बर्ष २०७४।०७५ को अन्त सम्ममा वडामा बितरण गर्न लगेको सामाजिक सुरक्षा भत्ता पेश्कि फछ्र्योट भएको पाईएन। समयमा नै पेश्कि फछ्र्योट गर्ने गराउने तर्फ गांउपालिकाको ध्यान जानु पर्ने देखियो। सामाजिक सुरक्षा भत्ता बितरण गर्न आबश्यक हुने वडागत लगत अभिलेख अध्याबधिक हुनु पर्नेमा वडागत लगत अभिलेख लेखापरीक्षणार्थ प्रस्तुत भएन। त्यस्तै आ.ब. २०७४,०७५मा थपघट भएकाहरुको अभिलेख राखेको समेत पाईएन। अध्याबधिक एम्. आई. एस्. विवरण पनि पेश हुन आएन। पेश्कि लिने फछ्र्योट गर्ने संबन्धमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि २०६९		

	बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई राख्नु पर्ने र सोहि आधारमा मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्नु पर्ने देखियो । नगद बितरण संबन्धमा गांउकार्यपालिकाले उक्त निर्देशिका प्रतिकूल हुने गरी पेश्कि दिन खर्च गर्न मिल्ने नदेखिएको । गांउसभाबाट पनि आ.ब. २०४७।०७५ को खर्च अनुमोदन भएको छैन ।		
१९.	**न्याय सम्पादन** यस गाउँपालिकामा परेका उजूरी, मुद्दाको अभिलेख अध्याबधिक गराई राख्नु पर्ने देखियो ।		
२०.	**खर्च अनुमोदन :** आर्थिक बर्ष २०७४।०७५ मा यस गाउँपालिकाको कूल आम्दानि / अन्तिम मौज्दात समेतको खर्च भएकोमा नगरसभाबाट पुरै आर्थिक बर्षको आम्दानी खर्च अनुमोदन गराएको छैन । दोश्रो साधारण सभा लेखापरिक्षण अबधि सम्म बसेको पाईएन ।		
२१.	**कार्य योजना :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २४(१) मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस्तो रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गरेको पाईएन । यस संबन्धमा तयार गरेको मिति नखुलेको rural municipality plan तयार गरेको पाईयो ।		
२२.	**शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरिक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । शिक्षकको पारित तलबि प्रतिबेदन प्रस्तुत हुन आएन ।		
३.	**प्राबिधिक पुस्ट्यायी :** उपभोग्ताबाट कार्य गराउनको लागी तयार गरिने लागत अनुमान तयार गर्नु पूर्व लागत अनुमान बनाउने स्थानको कुन कुन ठाउंमा कति भौगोलिक अबस्था पर्छ सो को प्राबिधिक पुस्ट्यायीको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार गर्नु पूर्व यस्तो प्रबिधिक पूस्ट्याई संलग्न राख्ने गरेको नपाईएबाट बनेको लागल अनुमान र सो मुताबिकको खर्च बास्तबमा त्यति नै खर्च हुनु पर्ने थियो भनि भिडान गर्ने आधार भएन ।		
४.	**अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ को दफा ३३(२) बमोजिम गांउपालिकाले आफ्नो क्षेत्र भित्र संचालित बिभिन्न कार्यक्रमहरु वा आयोजनाहरुको समग्र अनुगमन गर्न गांउ प्रमुख वा गाउं प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा गांउ सुपरिबेक्षण तथा अनुगमा समिति गठन गरी सो समितिले संचालित कायक्रम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत गांउपालिकाका समग्र कार्यक्रमहरुको अनुगमन गर्नु पर्न व्यबस्था भएकोमा यो बर्ष बिशेषत : उपभोग्ताहरुबाट सन्चालित केहि आयोजनाहारु बाहेक अन्यमा यस्तो अनुगमन गरेको पाईएन । त्यस्तै गाउँपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा गाउँपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । बार्षिक कार्य तालिका बनाई अनुगमन गर्नु पर्ने देखियो । बडाको निरीक्षण भई जिन्सि सुनिश्चित हुने गर्नु पर्ने समेत देखियो ।		
	सबारी साधन खरिद : आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सबारी साधन खरिद गर्दा नियममा व्यवस्था भए बमोजिम सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खरिद गरेको समेत पाईएन ।		

जि.खा.पा.नं.	दाखिला मिति	सबारी साधनको नाम	खरीद मूल्य (रु.)	कैफियत
१३	२०७४।१२।५	बजाज एभेन्जर मोटरसाईकल एक वटा	२,६०,९००।-	
१३	२०७५।३।२५	बजाज पल्सर १० वटा	२४,२९,०००।-	

				जम्मा	२६,८९,९००।-			
२६.	**बजेट पारित गर्नु पर्ने :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१(६) मा सभाले उपदफा १ वा ५ बमोजिम पेश भएको बजेट असार मसान्त भित्र पारित गरिसक्नु पर्ने भएपनि दफा ७१(७) मा पहिलो पल्ट गठन भएको गांउपालिका पदाधिकारीले पद बहालि गरेको दुई महिना भित्र बजेट पास गर्न बाधा मानिने छैन भन्ने व्यबस्था भएकोमा यस गांउपालिकाको बजेट २०७४ चैत्र २६ गते मात्र पास गरेको पाईयो । दोश्रो साधारण सभा बसेको पाईएन । आ.ब. २०७४।०७५ को आम्दानी, खर्च पनि अनुमोदन भएको छैन ।							
२७.	**औषधि खरिद एवं भण्डारण:** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको नि:शुल्क वितरण गरिने औषधीको लोगोको व्यहोराका सम्वन्धमा दिएको सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यालयले खरिद गरेको / हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुको बाँकी औषधीमा नि:शुल्क वितरणको लोगो समेत लगाएको पाईएन । निर्देशिकाको परिपालना गर्नुपर्दछ ।							
२८.	**सोधभर्ना भुक्तानी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६(१) मा प्रचलित कानून बमोजिम कार्यालयले नेपाल भित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । तसर्थ कर्मचारीलाई खरिद खर्च सोधभर्ना दिने प्रकृयामा नियन्त्रण हुनु पर्ने देखिन्छ । उदाहरणार्थ यस गाउँपालिकाका बिभिन्न वडाहरुको लागी आबश्यक कार्यालय सन्चालन सामाग्रिहरु खरिद गरि सोधभर्ना भुक्तानी दिने गरेको पाईयो ।							
२९.	**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको छुट्टै संचितकोषको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । गांउपालिकाले संचितकोषको छुट्टै बैङ्क नगदी किताब राखेको भएतापनि सो मा वर्षभरी भएको सम्पूर्ण कारोबारको रकमको हिसाब राखी चालु र पूंजीगत खर्च खातामा ट्रान्सफर गरी खर्च खाताहरुबाट आर्थिक वर्षभरी कारोबार गरी वर्षान्तमा बांकी रकम यस कोषमा फिर्ता गर्नुपर्नेमा खर्च खाताहरुबाट समेत सिधै कारोबार गरेको पाईयो । उदाहरणार्थ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भएको सामाजिक सुरक्षा भत्ताको दोश्रो चौमासिक निकासा रु.१,१०,२८,२००।- र तेश्रो चौमाबिक निकासा रु.१,११,३६,०००।- सन्चित कोष खातामा जम्मा नगरी सिधै चालु खातामा आम्दानि बांधेर खर्च गरेको पाईयो । त्यस्तै चालु खाता र पूंजीगत खातामा आर्थिक बर्षको अन्तमा बांकि रहेको रकम सन्चित कोष खातामा फिर्ता नगरी बैङ्क खातामा नै राखिरहेको पाईयो । संचित कोषको हिसाब अध्याबधिक नगरेको कारणले एकिकृत आयव्यय बिवरणले देखाएको हिसाब भिडान गरी यकिन गर्न नसकिएको हुदा सन्चित कोषको हिसाब सहि र यथार्थ छ भन्न सक्ने आधार भएन । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेख राखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त / अध्याबधिक गराई राख्नुपर्दछ ।							
०.	**बैंक हिसाब मिलान:–** गांउपालिकाले आर्थिक वर्षमा गरिएको कारोकारको श्रेस्ताले देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको बांकी मौज्दातका सम्बन्धमा प्रत्येक महिना हिसाब मिलान गरी मौज्दात रकम दुरुस्त गरी राख्नुपर्नेमा गाउंपालिकाले बैंक हिसाब मिलान गरेको छैन । जसको कारण बैंक स्टेटमेन्टले देखाएको मौज्दात र श्रेस्ताले देखाएको मौज्दातको सम्बन्धमा यकिन गर्न सकिएन । यस कार्यमा गांउपालिकाले मौज्दात रकम बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्दछ ।							

३१. **कर बिजक :** मुल्य अभिवृद्धि ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने व्यवस्था छ । प्रत्येक मू.अ.कर बिजकबाट भएको भुक्तानिको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिनु पर्नेमा जानकारी दिएको पाईएन । केहि बिजक परिक्षण गर्दा निम्न कर बिजकको मु.अ.कर दर्ता नंबर आन्तरिक राजश्व कार्यालयको वेव साइटमा खोज्दा बिजक जारीकर्ता Non-Filler उल्लेख भएको पाइएबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि करको रकम मुल्य अधिवृद्धि कर समायोजन गरेको वा रकम असुल भएको पाईएन ।

भुक्तानि गरेको मिति	फर्मको नाम ठेगाना	pan नंबर	बिजक रकम	मू.अ. कर (रु.)
२०७५।२।३०	श्री पियुस जनरल स्टोर सप्तरी	६०६४७५४२२	१,६२,८०५।-	१८,७२९।-
२०७५।३।२५	श्री सांग्रिला ईन्फरमेटिक्स प्रा.लि.काठमाण्डौ	३०१५४४७७३	१३,६४,७०१।-	१,५७,००१।-
	जम्मा			१,७५,७३०।-

१,७५,७३०।-

३२. **सफ्टवेयर,प्रतिबेदन आदि खर्च :** परामर्सदाताबाट निम्नानुसार अध्ययन प्रतिबेदन, सफ्टबेयर निर्माण आदि कार्य गराएकोमा यस्ता प्रतिबेदनहरु एक प्रति मात्र तयार भएर जिन्सी आम्दानि बांधेको पाईयो । अध्ययन गराउदाको संभ्यौता, टि ओ आर, र अन्तिम प्रतिबेदन स्वीकार गर्दा टि ओ आर मुताबिकको प्रतिबेदन भएको आधार बेगर नै रकम भुक्तानि गरेको पाईयो । जिन्सी आम्दानी बांध्दा पनि पुरा स्पेसिफकेसन खुलाउने गरेको पाईएन । पन्चबर्षिय योजना निर्माण, ,गाउंपालिकाको प्रोफाईल निर्माण, गांउपालिकाको बृत्तचित्र निर्माण जस्ता एकै प्रकृतिका कामको लागी एउटै प्याकेजमा कार्य नगराई छुट्टाछुट्टै गराएको पाईयो । contuol system, store contore system समेत ७ वटा सफ्वेयर निर्माण गरेकोमा यस्ता सफ्टवेयरहरको बिस्बसनीयता परिक्षण गरेको र निर्माण पश्चात प्रयोगमा लेराएको पनि पाईएन । यसको अलाबा निम्न कैफियत महलमा उल्लेख भएका व्यहोराहरु समेत बिद्यमान रहेको पाईएकोले खर्चको सदुपयोग भएको छ भन्न सक्ने आधार भएन ।

अध्ययनको बिषय	निर्माणकर्ताको नाम	परिमाण संख्या	खर्च रकम (रु.)	कैफियत व्यहोरा
सामाजिक लेखा परीक्षण		१	१,९५,४९०।-	प्राय १०० जना छानेर स्याम्पलिङ्ग गरेकोमा प्रतिबेदनमा स्याम्पलिङ्गको लागी छानिएको व्यक्तीहरु छनोटमा परेको प्रकिया, स्याम्पलिङ्ग छनोटको आधार, मेथोलोजि आदि खुलेको पाईएन ।
तिरुहत गांउपालिकाको राजश्व संभाव्यता अध्ययन	काशी ईन्जीनियरिङ्ग कन्सल्टेन्ट काठमाण्डौं	१	४,९९,२३४।-	गांउपालिकाले राजश्व परामर्श समितीबाट राजश्व संभाव्यता अध्ययन गराउनु पर्नेमा परामर्सदाताबाट कार्य गराएको पाईयो । यो प्रतिबेदनमा गांउपालिकाको नभई सप्तरी जिल्लाको जिल्ला ज्याला र निर्माण सामाग्रीको दररेट

				उल्लेखछ र करिब २७ वटा पोखरी रहेको मात्र उल्लेख छ ।		
पन्चवर्षिय योजना निमार्ण		१	४,९९,२३४।-	कुन कुन बर्षमा के कस्तो काम गर्ने प्रतिबेदनमा खुल्दैन ।		
गांउपालिकाको प्रोफाईल निर्माण		१	४,९९,१२१।-	यो प्रतिबेदन अङ्ग्रेजिमा तयार गरिएको छ । प्रतिबेदनमा ठूला तथ्याङ्क पनि छुटेको पाईयो । उदाहरणार्थ पोखरी संख्या उल्लेख छैन ।		
बृत्त चित्र निर्माण		१	४,९१,५५०।-			
नागरिक बडापत्र निर्माण(अडियो भिजुएल)		१	४,९४,९४४।-	सिडी मात्र छ । हार्डकपि छैन ।		
control system, store control system समेत विभिन्न ७ प्रकारको सफ्टबेयर निर्माण		एक एक गरी७ प्रति	२०,६३,०३१।-			
नागरिक सचेतना सन्देश निर्माण(सिडी)		१	४,९१,५५०।-	हार्डकपि छैन ।		
जम्मा			**५२,३४,१५४।-**			
बिदाको अभिलेख : प्रत्येक कार्यालयले आफ्ना कर्मचारीहरुको बिदाको अभिलेख यथार्थपरक हुनेगरी खडा गरि राख्नु पर्नेमा यस गांउपालिकाले बिदाको अभिलेख अध्याबधिक गराई राखेको पाईएन ।						

८.	**सुबिधा :** लेखा परीक्षण गरेका श्रेस्ताहरुबाट निम्नानुसार बैठक भत्ता, गाडी भाडा, प्रोत्साहन सुबिधा, सल्लाहाकार, स्वकिय सचिब, नियुक्ति आदि सुबिधा खर्च लेखेको रकम उल्लेख गरिएको छ। यसको अलाबा उक्त बैठक, भाडा, सुबिधा, नियुक्ति आदिमा बर्ष भरिमा लेखेको संपूण खर्च रकम नियम अनुकूल नदेखिएकोले यस नगरपालिकाबाट नै यकिन हुनु पर्ने समेत देखियो।		
८.१	**बैठक भत्ता :** प्रदेश नंबर २ ले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धी ऐन २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित वा मनोनित भएको मितिदेखि अनुसुचि १ बमोजिमको रकममा नबढने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित सभाले पारित गरे वमोजिमको सुविधा तथा भत्ता पाउने उल्लेख छ। यस गाउँपालिकाले उक्त कानूनमा व्यबस्था नभएको बैठक भत्ता बापत खर्च लेखेको रकम नियम अनुकूल नदेखिएको। निम्नानुसार रु.९,७८,०००।- बैठक भत्ता खर्च लेखेको पाइयो।	९,७८,०००।-	

गो.भौ. नं. र मिति	व्यहोरा	पदाधिकारी बैठक भत्ता(रु.)	कर्मचारी बैठक भत्ता (रु.)
८१/०७५/२/१८	०७४।१२।२६ को गाउँसभाको बैठक २८ जना	४२०००.००	०
८१/०७५/२/१८	०७४।१२।९ को गाउँपालिकाको बैठक १४ जना	१९५००	१५००
८१/०७५/२/१८	०७४।१२।६ गाउ कार्यपालिका बैठक १४ जना	१९५००	१५००
८१/०७५/२/१८	०७४।११।६ को गाउँपालिकाको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिकको बैठक ७ जना	६०००	१०००
८१/०७५/२/१८	०७४।११।१४ को गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा बैठक ८ जना	६०००	२०००
८१/०७५/२/१८	०७४।११।२७ को गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक १४ जना	१९५००	१५००
८१/०७५/२/१८	०७४।११।२५ गा.पा. को गाउँ कार्यपालिकाको बैठक १४ जना	१९५००	१५००
८१/०७५/२/१८	०७४।१०।२८ गा.पा.को कार्यापालिका बैठक १४ जना	१९५००.००	१५००
८९/०७५/२/३०	५ वडामा बसेको -असोज २६ देखि जेष्ठ २४ सम्म बैठक भत्ता १५६ जना	१३००००	२६०००
८९/०७५/२/३०	४ वडामा बसेको असोज १९ देखि जेष्ठ १८ सम्म बैठक भत्ता १५६ जना	१३००००	२६०००
९०/०७५/३/६	३ वडामा बसेको (असोज १९ देखि जेष्ठ २५ सम्म बैठक भत्ता १५६ जना	१३००००	२६०००
१०१/०७५/३/२०	१ वडामा बसेको (असोज २४ देखि अषाढ १४ सम्म बैठक भत्ता १७४ जना	१४५०००	२९०००

		जम्मा	८३१५००	१४६५००		
३४.२	**कर्मचारी सुविधा :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेबाको शर्त तथा सुबिधा संबन्धि आधारभूत शिध्दान्त र मापदण्ड संघीय कानून बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेबाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यबस्था छ । गांउपालिका / गाउँपालिकामा कार्यरत कर्मचारीले मासिक तलबमा थप भत्ता समेत भुक्तानि गरेको पाईएकोले उक्त सुबिधा संघीय कानूनको शिध्दान्त र मापदण्ड अनुकूल नदेखिएकोले मिति २०७४ माघ देखि २०७५ असार सम्म तदनुरुप लेखिएको निम्न प्रोत्साहन सुबिधा खर्च रु. १,०१,५७६।४० नियम सम्मत नदेखिएको ।			१,१०,६०७।४०	

गो.भौ.नं. र मिति	व्यहोरा	रकम (रु.)
६८।२०७५।२।१, ८४।२०७५।२।२५, १०६।२०७५।३।२०	कार्यालय प्रमुख श्री राम नारायण शाह सुरु तलब स्केल रु.३०,५००।- को ३५% ले ६ महिनाको	६४,०५०।-
	स.ले.पा.श्री सोनु कुमार सोनी सुरु तलब स्केल रु.२२,१७०।- को ३५% ले ६ महिनाको	४६,५५७।-
	जम्मा	**१,१०,६०७।-**

४.३	**पदाधिकारी, कर्मचारी सुविधा गाडी भाडा** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । गांउपालिकाले अजय कुमार यादबको स्कार्पियो गाडी मासिक रु. ९०,०००।- मा २०७५।१।१ बाट भाडामा लिई २०७५।३।३ सम्मको रु. २,७०,०००।- गाडी भाडा खर्च लेखेकोमा यस्तो सुबिधा प्रदान गर्दा नियममा व्यवस्था भए बमोजिम नभएको, अर्थ मंत्रालयको सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खर्च गरेको समेत पुस्टी हुन आएन ।			२,७०,०००।-	
	योजना र कार्यान्वयन अवस्थाः– गाउँपालिकाबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिहरुबाट कार्यान्वयन भएको देखिन्छ । उपभोक्ताबाट सञ्चालन गरिने योजनाहरु स्वयम उपभोक्ताहरु उपस्थित भई उपभोक्ताहरुको श्रम,सिप भएका कामहरु सञ्चालन गर्ने कानूनी व्यवस्था रहेको अवस्थामा सम्पूर्ण योजनाहरु जस्तै भवन निर्माण,सडक ढलान जस्ता बिशिष्ठ शिप आवाश्यक पर्ने योजनाहरु समेत उपभोक्ता गराएको नियमसम्मत देखिएन । साथै उपभोक्ताबाट सञ्चालित योजनहरु अधिकांशमा सम्झौताको सर्त प्रचलित नियम बमोजिम योजनामा भएको आय व्ययको अनुमोदन सहितको निर्णय,उपभोक्ता र अनुगमन समिति सहित लाभान्वित वर्ग समेतको भेलाबाट भएको सार्वजनिक लेखा परीक्षण भएको र योजना सम्पन्न भएपछि कार्यालयबाट जांचपास गरी फरफारकको प्रमाणपत्र लिएको समेत देखिएन । एवम केही योजनाहरुको सम्झौता फारममा सम्पूर्ण व्यहोराहरु खुलाई सम्झौता फाराम भरेको समेत देखिएन एवं कामको नापी किताबमा नापी गरेको मिति समेत खुलाउने गरेको छैन । साथै कार्यालयले वर्षभरी सञ्चालित योजनाहरुको लागत अनुमान,बजेट,खर्च,निर्माण कार्यको विवरण खुल्ने गरी लगत अभिलेख समेत राखेको पाईएन । यसरी लगत राखेको				

	अवस्थामा पुन आगामी वर्ष सोही योजनाहरुमा निर्माण कार्यमा दोहोपना हुनबाट रोकिन जाने अवस्था हुने हदां कार्यालयले सञ्चालित योजनाहरुको अभिलेख राख्नेतर्फ ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।उपभोक्ता समितिहरुबाट निर्माण कार्य गराउंदा मिति २०७४।१२।२६ को गाउंसभाको निर्णयानुसार २० प्रतिशत जनश्रमदान हुनुपर्ने गरी निर्णय भएकोमा उपभोक्ताबाट भएको काममा उपभोक्ताले १० प्रतिशत मात्र जनश्रमदान गरेको देखिएको हुनाले तथा केही योजनाहरुमा ज्यामी तथा मिस्त्रीको ज्याला जिल्ला दररेट भन्दा बढी हुने गरी बढी दररेटमा भुक्तानी भएको रकम कार्यालयले यकिन गरी असुल गर्नु गराउनु पर्दछ । यस कार्यमा सम्बन्धितलाई जिम्मेवार बनाई सुधार गर्नुपर्दछ ।		
३६.	**खर्च लेखांकनः**–कार्यालयले योजनाहरु उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा उपभोक्ताले व्यहोर्ने जनश्रमदान वापतको रकम बाहेक कार्यालयले व्यहोर्ने अंशको मात्र गोश्वरा भौचरमा प्रबिष्टी गरी सोही अनुसार बैंक नगदी किताबमा लेखांकन गर्नुपर्नेमा कार्यालयले जनश्रमदान समेतको रकम गोश्वरा भौचरमा प्रबिष्टि गरी सो बाट उपभोक्ताको जनश्रमदानको रकम कट्टा गरी सोही अनुसार बैंक नगदी किताबमा लेखांकन गरेको देखिएको हुदां यसरी खर्च प्रबिष्टी गर्ने गर्दा कहिले काही खर्च बढी पर्न सक्नेतर्फ कार्यालयले उचित ध्यान दिनुपर्दछ ।		
३७.	**दाखिला गर्न बांकी करः**– कार्यालयले भुक्तानी गर्दा समानिकरण र सशर्त अनुदानुमा कट्टी गरेको रु.१७,६६,८६१।७० अग्रिम आयकर दाखिला गर्न बांकी देखिएको हुनाले राजस्व दाखिला हुनुपर्ने रु.....		
३८.	**बैंक खाताः**– कार्यालयको चालु खर्च खाता र पूंजीगत खर्च खाता आर्थिक वर्षको अन्त्यमा खर्च नभई बांकी रहेको रकम सो खर्च खाताहरुमा बांकी रहेको मौज्दात रकम सञ्चितकोषमा ट्रान्सफर गर्नुपर्नेमा आ.ब.२०७४।७५ मा जारी भएका चेकहरु साटी सकेपछि चालु खर्च खातामा मिति २०७५।५।३ मा रु.२,३४,१३,१६२।०६ र पूजींगत खर्च खातामा मिति २०७५।५।६ मा रु.२,२१,०२,०९३।८९ बैंकमा मौज्दात बांकी देखिएकोमा सो खाताहरुको रकम सञ्चितकोषमा फिर्ता पठाएको छैन । यसरी चेक जारी भएपश्चात सो साट्न लाग्ने समय ३० दिनको हुने हुदां दुवै खर्च खाताहरुमा मिति २०७५।५।३ र ६ गतेसम्म चेक रकम साटेको देखिदां यस कार्यालयबाट आषाढको मितिमा कारोबार भएको जनाई चेक आ.ब.२०७५।७६ को श्रावण महिनामा समेत जारी गरेको देखिएको हुदां यस प्रकारको कार्य प्रचलित नियम अनुसार देखिएन । सो खाताहरुमा खर्च नभई बांकी रकम प्रचलित नियम अनुसार फिर्ता पठाई पुन गाउंसभाको निर्णयानुसार सञ्चितकोषबाट खर्च खाताहरुमा ट्रान्सफर गरी खर्च गरिनुपर्दछ ।	१७६६८६१।७०	
	गत वर्षको मौज्दातः– कार्यालयको गत वर्षको अन्तिम मौज्दात साबिक गाउंबिकास समितिको बैंक स्टेटमेन्ट प्राप्त नभएको कारण यकिन गर्न सकिएन । साथै कार्यालयले गत वर्षको बांकी मौज्दात रु.४८,६६,४०२।१७ रहेकोमा कार्यालयले रु.४८,००,०००।०० मात्र अ.ल्या.गरेको देखिएकोले रु.६६,४०२।१७ कम मौज्दात अ.ल्या.गरेको सम्बन्धमा कार्यालयले यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.....	६६४०२।१७	
	बैंक हिसाब मिलानः–गाउंपालिकाले आर्थिक वर्षमा गरिएको कारोकारको श्रेस्तालै देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको बांकी मौज्दातका सम्बन्धमा प्रत्येक महिना हिसाब मिलान गरी मौज्दात रकम दुरुस्त गरी राख्नुपर्नेमा गाउंपालिकाले बैंक हिसाब मिलान गरेको छैन । कार्यालयको श्रेस्तानुसार बांकी मौज्दात रु.४,६७,१९,५९२।४१ रहेकोमा बैंक स्टेटमेन्ट अनुसार मिति २०७५।३।३२ मा रु.९,२२,६०,१९८।८० देखिएकोमध्ये प्रदेश सरकारबाट प्राप्त रकम रु.१५,००,०००।०० बैंक दाखिला नभई ,२०७५ श्रावणमा बैंक दाखिला भएको,चालु खर्च खाताबाट चेक साट्न बांकी रु.५४,२६,४१२।४०,पूंजीगत खर्च खाताबाट चेक साट्न बांकी रु.४,१८,४६,२०६।३० र अग्रिम आयकर कट्टी गरेको रकम चेक काटी राजस्व दाखिला	१९९८८७४।०१	

	हुन बांकी रकम रु.१७,६६,८६१।७० समेत हिसाब समायोजन गर्दा बैंक स्टेटमेन्ट अनुसार मौज्दात बांकी हुने रु.४,४७,२०,७१८।४० देखिएकोले श्रेस्तामा भन्दा बैंकमा कम देखिएको रु.१९,९८,९७४।०१सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.....		
४१.	**सशर्त अनुदानको निकासा बांकी:**–गाउंपालिकालाई सशर्त अनुदान तथा अन्य शिर्षकमा देहायमा उल्लेख गरिए अनुसार निकासा गरिएको रकम खर्च नभई बांकी रहेको देखिएको रकम राजस्व दाखिला हुनुपर्ने रु.....	२४३९४०७।४४	

विवरण	निकासा रकम	खर्च रकम	निकासा बांकी
सशर्त अनुदान स्वास्थ्य	१३७९७०००.००	१३१४५१६२.४०	६५१८३७.६०
सशर्त अनुदान शिक्षा	३२४८५०००.००	३०७२१५७२.१६	१७६३४२७.८४
सशर्त अनुदान कृषि	११८६०००.००	११८२८४०.००	३१६०.००
सशर्त अनुदान पशु	२९६०००.००	२७५०१८.००	२०९८२.००
जम्मा	**४७७६४०००**	**४५३२४५९२.५६**	**२४३९४०७.४४**

२.	**डिप बोरिङ्ग खरिद तथा जडान:**–गाउंपालिकाको वडा नं.१ देखि ५ सम्म बोरिङ्ग खरिद तथा जडान कार्यको लागि बजेट रु.७०,००,०००।०० बिनियोजन भएको अनुसार १७३ सेटबोरिङ्ग खरिद तथा जडान गर्न प्रति बोरिङ्ग रु.४५,१६६।०३ को दरले रु.७८,१३,७२२।९३ को संशोधित लागत अनुमान तयार गरेको जसमा उपभेक्ताले रु.७,८१,३७२।२९ व्यहोर्ने र कार्यालयले रु.७०,३२,३५०।६४ व्यहोर्ने गरी मिति २०७५।३।२२ सम्म सम्पन्न गर्नेगरी मिति २०७५।३।१२ मा सम्झौता भएको देखियो । लेखापरीक्षणमा संशोधित लागत अनुमान पेश भएकोमा शुरु लागत अनुमान पेश नभएको तथा पुन संशोधित लागत अनुमान तयार गर्नुपर्नाको प्राबिधिक कारण समेत खुलाएको छैन । यसरी पटक पटक प्राबिधिक कारण बिना लागत अनुमान संशोधन गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन ।		
३.	**डिप बोरिङ्ग जडान कार्य नभएको:**–जडान समेत गर्नेगरी १७३ सेट बोरिङ्ग मेशिन खरिद तथा ढुवानी गरी रु.६५,६५,२२९।०० खर्च लेखांकन गरिएकोमा जडान नभएको अवस्थामा समेत कार्यालयले कार्यसम्पन्न प्रतिबेदन तयार गरेको अवस्था छ । कार्यालयले वडा मार्फत माग भई आएका योजनाहरुमा खर्च गर्नुपर्नेमा सो नगरी सिंचाईको लागि आवाश्यकता भई माग भई आएको स्थानमा जडान गर्ने उद्धेश्यले उपभोक्ता समिति मार्फत खरिद गरी प्रहरी चौकी लोहजरा र त्रिकौलमा रहेको जानकारी तथा वडा कार्यालयको पत्र संलग्न भएको भएतापनि ति सामानहरु कसैले बुझिलिएको तथा जिन्सी दाखिला भएको समेत नदेखिएको तथा लागत अनुमान तयार गर्दा जडान गर्ने स्थान नखुलाई लागत अनुमान बनाई यसरी सामान खरिद गरी आवाश्यकतानुसार उपभोक्तालाई बितरण गर्ने प्रयोजनार्थ मौज्दात राख्नुले सामानको गुणस्तरमा कमी आउनुको साथै बिग्रदै जाने हुन जान्छ । साथै सामान खरिद कार्य उपभोक्ताको योगदान नहुने हुदां सो प्रचलनको अन्त्य हुनुपर्दछ । एवम उक्त खरिद गरिएका बोरिङ्गका सामानहरु जडान भएको कार्यसम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रु.....		
